आ.व. २०७४/०७५ को आठौं बैठक

आज मिति २०७४ साल माघ २६ गते शुक्रवार राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीज्यूको अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम छन ।

## उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी ,राप्ती गाउँ कार्यपालिका ।

उपाध्यक्ष श्री जगदम्वा कुमारी चौधरी ,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री टेकबहादुर कुमाल,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बेदप्रसाद चौधरी,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बिष्णुबहादुर घर्ति क्षेत्री ,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री कुवारी देवी कार्की ,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री जगतबहादुर थापा ,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री विष्णु गुरुङ्ग ,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री ताराबहादुर डि.सी ,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री गोकर्णबहादुर रानामगर,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री गोवर्धन रावत,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री विद्याशरण चौधरी,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री सुनिता मल्ल,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री ताराकुमारी चौधरी,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री चन्दर चौधरी,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री रिमबहादुर सुनारी मगर,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री संजिव परियार,राप्ती गाउँ कार्यपालिका ।

~~सदस्य~~ सचिव श्री हिरालाल भण्डारी ,राप्ती गाउँ कार्यपालिका ।

## आमन्त्रित

किरण पोखरेल शिक्षा उपशाखा

श्यामराज अधिकारी, प्रशासन शाखा

धर्मराज बली. लेखापाल

Scanned with CamScanner

## बैठकका प्रस्तावहरु

१ "घ" वर्गको निर्माण व्यवसायी प्रमाणपत्र दिने सम्वन्धमा

२. तालिम तथा कार्यक्रम सञ्चालनका सन्दर्भमा दररेट निर्धारण सम्वन्धमा ।

३. शिक्षा तर्फको शुल्क निर्धारण सम्वन्धमा ।

४. सामाजिक परिचालकको सेवा निरन्तरता सम्वन्धमा ।

५. विभिन्न निवेदनहरु सम्वन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथी छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ को (छ) १० बमोजिम सार्वजनिक निर्माण कार्यकालागि प्रचलित कानूनबमोजिमको "घ" वर्गको इजाजतपत्र जारी गर्ने प्रयोजनको लागि सिफारिश गर्न तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो :

संयोजक : प्राविधिक शाखा प्रमुख
सदस्य : लेखापाल धर्मराज वली
सदस्य : रेशमराज अधिकारी

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथी छलफल गर्दा यस गाउँपालिकाको आर्थिक सहयोग/स्वीकृत कार्यक्रम अनुसार गाउँपालिका स्तरमा सञ्चालन हुने तालिम/जनचेतनामूलक कार्यक्रमको खर्चमा एकरुपता ल्याउन निम्न बमोजिमको दररेट निर्धारण गर्ने निर्णय गरियो :

श्रोतव्यक्ति/प्रशिक्षक पारिश्रमिक (प्रति श्रोतव्यक्ति/प्रशिक्षक अधिकतम २ सेसन मात्र हुने छ ।)

-गाउँपालिका भित्रका व्यक्ति भए प्रति सेसन रु १,०००/-
-जिल्ला स्तर(गाउँपालिका बाहिर)का व्यक्तिभए रु १,५००/-तथा सार्वजनिक यातायातको भाडा ।
-जिल्ला वाहिरका व्यक्तिभए रु २,०००/- तथा सार्वजनिक यातायातको भाडा ।

सहभागीहरु :

-यातायात खर्च :रु २००/- दैनिक
-खाजा खर्च : रु १००/- दैनिक
-स्टेशनरी : रु ५०/-

प्रस्तावना/प्रतिवेदन :रु १५००/-एकमुष्ट
तालिम सहयोगी : रु ४००/- दैनिक
अनुगमन /नियमन : प्रति कार्यक्रम रु १०००/-

Scanned with CamScanner

**निर्णय नं.३**

प्रस्ताव नं. ३ माथी छलफल गर्दा यस गाउँपालिकावाट सम्पादन हुने विद्यालय प्रशासन संग सम्वन्धित तपसिलमा उल्लेखित कामको लागि तपसिल बमोजिमको दस्तुर/शुल्क निर्धारण गर्ने निर्णय गरियो ।

(क)कक्षा थप गर्दा लाग्ने दस्तुर

| सिनं. | थप हुने कक्षा | लाग्ने दस्तुर | | कैफियत |
|---|---|---|---|---|
| | | संस्थागत | सामुदायिक | |
| १ | शिशु,नर्सरी केजी | १०,००० | नि:शुल्क | |
| २ | कक्षा १ | ११,००० | नि:शुल्क | |
| ३ | कक्षा२ | १२,००० | नि:शुल्क | |
| ४ | कक्षा३ | १३,००० | नि:शुल्क | |
| ५ | कक्षा४ | १४,००० | नि:शुल्क | |
| ६ | कक्षा५ | १५,००० | नि:शुल्क | |
| ७ | कक्षा६ | १६,००० | नि:शुल्क | |
| ८ | कक्षा७ | १७,००० | नि:शुल्क | |
| ९ | कक्षा८ | १८,००० | नि:शुल्क | |
| १० | कक्षा९ | १९,००० | नि:शुल्क | |
| ११ | कक्षा१० | २०,००० | नि:शुल्क | |

(ख)शिक्षक राख्ने अनुमति दस्तुर

| सिनं. | तह | लाग्ने दस्तुर | | कैफियत |
|---|---|---|---|---|
| | | निजीश्रोत | दरवन्दी | |
| १ | कार्यालय सहयोगी | १०० | २०० | |
| २ | स.का. | २०० | ३०० | |
| ३ | प्रा.वि. | ५०० | १००० | |
| ४ | नि.मा.वि | १००० | २००० | |
| ५ | मा.वि. | १५०० | ३००० | |

(ग)शिक्षक अभिलेखिकरण दस्तुर

| सिनं. | तह | लाग्ने दस्तुर | | कैफियत |
|---|---|---|---|---|
| | | निजीश्रोत | दरवन्दी | |
| १ | कार्यालय सहयोगी | १०० | २०० | |
| २ | स.का. | १५० | २५० | |
| ३ | प्रा.वि. | २५० | ५०० | |
| ४ | नि.मा.वि | ५०० | १००० | |
| ५ | मा.वि. | ७५० | १५०० | |

Scanned with CamScanner

(घ)म्याद थप दस्तुर(शिक्षकले व्यहोर्ने)

| सिनं. | तह | लाग्ने दस्तुर | | कैफियत |
|---|---|---|---|---|
| | | निजीश्रोत | दरवन्दी | |
| १ | कार्यालय सहयोगी | १०० | २०० | |
| २ | स.का. | २०० | ३०० | |
| ३ | प्रा.वि. | ५०० | १००० | |
| ४ | नि.मा.वि | १००० | २००० | |
| ५ | मा.वि. | १५०० | ३००० | |

(ङ) आधारभुत तहमा नाम जन्ममिति ठेगाना संसोधन गर्दा प्रतिविद्यार्थी रु २५०/-

(च)आधारभुत तहको पुनर्योग प्रतिविषय : रु ३००/-

(छ)परीक्षा आवेदन फाराम दस्तुर : प्रतिब्यक्ति रु ५०/-

(ज) शिक्षक सरुवा जिल्लान्तर :

| सिनं. | तह | लाग्ने दस्तुर | | कैफियत |
|---|---|---|---|---|
| | | सरुवा भई आउदा | सरुवा भई जाँदा | |
| १ | कार्यालय सहयोगी | ० | ० | |
| २ | स.का. | ० | ० | |
| ३ | प्रा.वि. | २००० | १००० | |
| ४ | नि.मा.वि | ३००० | २००० | |
| ५ | मा.वि. | ५००० | ३००० | |

(झ) सरुवा सिफारिश

| सिनं. | तह | लाग्ने दस्तुर | | कैफियत |
|---|---|---|---|---|
| | | सरुवा भई आउदा | सरुवा भई जाँदा | |
| १ | कार्यालय सहयोगी | ० | ० | |
| २ | स.का. | ० | ० | |
| ३ | प्रा.वि. | १५० | १०० | |
| ४ | नि.मा.वि | २०० | १५० | |
| ५ | मा.वि. | २५० | २०० | |

(ञ)सरुवा अन्तर-गाउँपालिका

| सिनं. | तह | लाग्ने दस्तुर | | कैफियत |
|---|---|---|---|---|
| | | सरुवा भई आउदा | सरुवा भई जाँदा | |
| १ | कार्यालय सहयोगी | ० | ० | |
| २ | स.का. | ० | ० | |
| ३ | प्रा.वि. | १००० | ५०० | |
| ४ | नि.मा.वि | २००० | १००० | |
| ५ | मा.वि. | ३००० | २००० | |

Scanned with CamScanner

(ट)सरुवा गाउँपालिकाभित्र

| सिनं. | तह | लाग्ने दस्तुर | | कैफियत |
|---|---|---|---|---|
| | | सरुवा भई आउदा | सरुवा भई जाँदा | |
| १ | कार्यालय सहयोगी | ० | ० | |
| २ | स.का. | ० | ० | |
| ३ | प्रा.वि. | १००० | ५०० | |
| ४ | नि.मा.वि | १५०० | १००० | |
| ५ | मा.वि. | २००० | १००० | |

(ठ) अनिवार्य अवकाश सिफारिस

| सिनं. | तह | लाग्ने दस्तुर | | कैफियत |
|---|---|---|---|---|
| | | निजीश्रोत | दरवन्दी | |
| १ | कार्यालय सहयोगी | ० | ० | |
| २ | स.का. | ० | ० | |
| ३ | प्रा.वि. | ० | २०० | |
| ४ | नि.मा.वि | ० | ३०० | |
| ५ | मा.वि. | ० | ५०० | |

(ड) माथी लेखिएवाहेकका विषयमा सिफारिस

| सिनं. | तह | लाग्ने दस्तुर | | कैफियत |
|---|---|---|---|---|
| | | निजीश्रोत | दरवन्दी | |
| १ | कार्यालय सहयोगी | ० | ० | |
| २ | स.का. | ० | ० | |
| ३ | प्रा.वि. | ० | १०० | |
| ४ | नि.मा.वि | ० | २०० | |
| ५ | मा.वि. | ० | ३०० | |

**निर्णय नं. ४**

प्रस्ताव न. ४ माथी छलफल गर्दा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम एलजिसिडिपी तर्फको तपसिलमा उल्लेखित सामाजिक परिचालकहरुको २०४।०९।१७ देखि म्याद समाप्त भएको भनी २०७४।९।...को संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको पत्रका सन्दर्भमा हाल गाउँपालिकाका सवै वडा कार्यालयहरु स्थानीय स्तरमा स्थापना भईसकेका र वडा कार्यालयहरुमा कार्यालय सहायक पद रिक्त नै रहेको, तत्काल पदपूर्ति गर्न नपाइने,वडा कार्यालयमा कार्यबोझ धेरै रहेको र हाल सम्म सा.प.हरुलाई वडा कार्यालयमै कामकाज गर्न लगाइएको र निजहरुको कार्य सन्तोष जनकनै रहेको देखिंदा कर्मचारीहरुको बैकल्पिक ब्यवस्था भएमा स्वत : नरहने गरी बढीमा २०७५ असार मसान्त सम्मको लागि साविक एल.जि.सि.डि.पी. बाट पाए सरहको सुविधा गाउँपालिकावाट उपलब्ध गराउने गरी निजहरुको सेवालाई निरन्तरता दिने निर्णय गरियो ।

१. सन्तोषी चपाई राप्ती गाउँपालिका वडा नं. १ भालुवाङ्ग

२. विष्णुमाया चौधरी राप्ती गाउँपालिका वडा नं. ८ पिपरी दाङ्ग ।

Scanned with CamScanner

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथी छलफल गर्दा यस कार्यालयमा विभिन्न मितिमा विभिन्न विषयमा प्राप्त पत्र/निवेदन हरु सम्वन्धमा देहाय अनुसार गर्ने निर्णय गरियो ।

(क) यस गाउँपालिकाकी सदस्य लक्ष्मि दमाई मृगौला सम्वनधी रोग लागि भारतको लखनउमा उपचाररत रहेकीले निजलाई उपचार खर्च वापत रु ५०००/- चालु खर्चवाट उपलब्ध गराउने ।

(ख)स्वास्थ्य शिक्षा सचेतना सामुदायिक स्वास्थ्य संस्था सिसहनिया दाङ को मिति २०७४।१०।११ को आर्थिक सहयोग सम्वन्धी पत्र अनुसार उक्त संस्थाले भन्सार छुटमा खरिद गर्न लागेको एम्वुलेन्स यस गा.पा.को पहाडी क्षेत्रहरुमा अनिवार्यरुपमा सञ्चालन गर्ने र सो एम्वुलेन्स संचालक समितिमा सम्वन्धित वडाको प्रतिनिधी रहने शर्तमा रु तिन लाख रुपैया लागत सहभागिता व्यहोर्ने ।

ग)भालुवाङ्ग खानेपानी लालमटिया खानेपानी तथा ठूलाचौर डिप बोरिङ्ग जल उपभोक्ता समिति लगायत संस्थाको पत्र अनुसार सो सडक विस्तारको क्रममा खानेपानीका पाइपहरुमा क्षति भएकोले प्राविधिक लागत अनुमान तयार गरी अध्यक्ष ज्यूको आदेशका आधारमा रकम उपलब्ध गराउने ।

(घ)भालुवाङ्ग नगर विकास समितिवाट यस कार्यालयमा नक्सापास गर्ने कामका लागि खटिनुभएका अमिन शिवराज चौधरीलाई प्रति नक्सापास रु पाँच सय रुपैयाका दरले अन्य भत्ता शिर्षकवाट पारिश्रमिक उपलब्ध गराउने ।

(ङ)महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय सञ्जालको मिति २०७४।१०।१९ को पत्र अनुसार प्रदेश स्तरीय महिला मन्च र सो सम्वन्धी कार्यक्रम गर्नका लागि महिला तथा वालवालिका कोष मार्फत उक्त संस्थालाई रु २५,०००/- उपलब्ध गराउने ।

(च) यस गाउँपालिकाको संचार सयोजक श्री तीर्थराज ज्ञवालीलाई २०७४ माघ १ गते देखि लागू हुने गरी मासिक रु १२,०००/- पारिश्रमिक उपलब्ध गराउने ।

(छ)यस गाउँपालिका अन्तर्गतका विभिन्न विषयगत समितिको प्रति बैठक भत्ता रु ५००/-उपलब्ध गराउने ।

(ज)जिल्ला समन्वय समिति दाङको मिति २०७४।९।१९ को विद्यालय शिक्षक दरवन्दी मिलान सम्वन्धी निर्णय, जिल्ला शिक्षा कार्यालय दाङ्को मिति २०७४।१०।११ च.नं. ८९४ को पत्रानुसार श्री महेन्द्र मा.वि.बंगलाचुली दाङका अंग्रेजी विषयका मा.वि. तहका शिक्षक श्री इन्द्रबहादुर सुनारलाई यस गाउँपालिका २ स्थित श्री आदर्श माध्यमिक विद्यालय लालमटियामा सोही विषयमा रहेको दरवन्दीमा सरुवा गर्न अध्यक्ष स्तरवाट भएको निर्णय अनुमोदन गर्ने ।

(झ)यस गाउँपालिकाको निर्णय अनुसार वडा नं. ६ को जोगिया कुलो लाइनिङ्गको लागि रु पाँच लाख विनियोजित भएको र उक्त योजनाको काम प्रगन्ना सिंचाई आयोजनावाट निर्माण भएको हुँदा उक्त वजेट भगवानपुरको वाटो निर्माण योजनामा लगाउने ।

Scanned with CamScanner